# आकाशवाणी समाचार- नेपाली

मितिः २२ जनवरी २०२६

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

1.इलेक्ट्रोनिक्स र सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले भारतले आर्टिफिसियल इन्टेलिजेन्सका सबै पाँच स्तरहरूमा काम गरिरहेको बताउनु भएको छ।

2.केंद्रीय मंत्रिमंडलले अटल पेंशन योजनालाई 2030-31 सम्म जारी राख्नका साथै प्रचार र विकासात्मक गतिविधिहरुको लागि वित्तीय सहायता बढ़ाउन मंजूरी दिएको छ।

3.विज्ञान तथा प्रविधि मन्त्री डा. जितेन्द्र सिंहले भारत आफ्नो परमाणु ऊर्जा कार्यक्रम निर्णायक मोडमा रहेको अनि सुधारहरूको उद्देश्य उच्चतम सुरक्षा मापदण्डहरू कायम राख्दै ऊर्जा सुरक्षालाई बलियो बनाउने रहेको बताउनुभएको छ।

4.निर्वाचन आयोगले पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण (SIR) सम्बन्धी सर्वोच्च अदालतको आदेश लागू गर्न निर्देशन जारी गरेको छ।

5.बङ्गलादेशमा हुने १३औँ संसदीय निर्वाचनका लागि नामांकन फिर्ता लिने समय सीमा सकिएसँगै झण्डै दुई हजार उम्मेदवार चुनावी मैदानमा छन्। सबै 300 निर्वाचन क्षेत्रहरूमा 12 फेब्रुअरीमा मतदान हुनेछ।

6.नागपुरमा हिज भएको पाँच म्याचको टी-20 शृङ्खलाको पहिलो म्याचमा भारतले न्युजिल्यान्डलाई 48 रनले पराजित गरेको छ।

**संशो. वैष्णव-विश्व आर्थिक मंच**

इलेक्ट्रोनिक्स र सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले भन्नु भएको छ कि भारतले आर्टिफिसियल इन्टेलिजेन्सका सबै पाँच स्तरहरू - एआई आर्किटेक्चर, एप्लिकेसन, मोडेल, चिप्स, इन्फ्रास्ट्रक्चर र एनर्जीमा काम गरिरहेको छ।हिज दाभोसमा विश्व आर्थिक मञ्चको एक सत्रमा बोल्नु हुदै श्री वैष्णवले भन्नुभयो, भारतले विश्वव्यापी एआई सेवाहरूको जग बसालिरहेको छ।

श्री वैष्णवले अंतर्राष्ट्रीय मुद्रा कोष प्रमुखको भारत दोस्रो दर्जाको एआई शक्ति बताउने बयानलाई सम्पूर्ण रुपले खारेज गर्नु भएको छ। स्ट्यानफोर्ड र्याङ्किङलाई उद्धृत गर्नु हुदै उहाँले भन्नु भयो कि भारत एआई तयारीमा विश्वव्यापी रूपमा तेस्रो स्थानमा छ।श्री वैष्णवले भन्नु भयो कि एआई पूर्वाधारमा ७० अर्ब अमेरिकी डलरको लगानीको पुष्टि भएको छ। उहाँले आगामी १२ महिनामा थप ५० अर्ब डलर लगानी हुने अपेक्षा गरिएको बताउनु भयो । श्री वैष्णवले भन्नुभयो, अर्को महिना हुने इन्डिया एआई इम्प्याक्ट समिटले यो प्रविधि भारतमा मात्र नभई ग्लोबल साउथका देशहरूमा पनि पहुँचयोग्य हुनेछ भन्ने सुनिश्चित गर्नेछ।

मन्त्रीले जानकारी दिनु भयो कि भारतमा अहिले लगभग २ लाख स्टार्टअप छन् र यो विश्वको शीर्ष तीन स्टार्टअप इकोसिस्टमहरू मध्ये एक हो। उहाँले भन्नु भयो कि पछिल्लो दशकमा गहिरो प्रविधिमा ध्यान केन्द्रित गरेर आधारभूत परिवर्तन भएको छ। उहाँले विश्वास व्यक्त गर्नु भयो कि भारत विश्वव्यापी रूपमा शीर्ष चार वा पाँच सेमिकन्डक्टर उत्पादक देशहरू मध्ये एक हुनेछ।इलेक्ट्रोनिक्स र सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले विश्व आर्थिक फोरममा आईबीएमका सीईओ अरविन्द कृष्णा र मेटाका प्रमुख कार्यकारी अधिकृत जोएल कप्लानसँग भेट गर्नुभयो। एक सामाजिक सञ्जाल पोस्टमा श्री वैष्णवले भन्नुभयो, विश्वले भारतलाई विश्वव्यापी नवीनताको प्रमुख चालकको रूपमा हेरेको छ।

**अटल पेंशन**

केंद्रीय मंत्रिमंडलले हिज अटल पेंशन योजनालाई 2030-31 सम्म जारी राख्नका साथै प्रचार र विकासात्मक गतिविधिहरुको लागि वित्तीय सहायता बढ़ाउने मंजूरी दिएको छ ।यस योजना अन्तर्गत ६० वर्ष उमेर पुगेपछि प्रति महिना एक हजारदेखि पाँच हजारसम्म न्यूनतम पेन्सन सुनिश्चित गर्ने व्यवस्था गरिएको छ । एक रिपोर्ट

**Byte**

**जितेंद्र - परमाणु ऊर्जा**

विज्ञान तथा प्रविधि मन्त्री डा. जितेन्द्र सिंहले भारत आफ्नो परमाणु ऊर्जा कार्यक्रम निर्णायक मोडमा छ अनि सुधारहरूको उद्देश्य उच्चतम सुरक्षा मापदण्डहरू कायम राख्दै ऊर्जा सुरक्षालाई बलियो बनाउने रहेको बताउनुभएको छ। नयाँ दिल्लीमा पत्रकारहरूसँग कुरा गर्नुहुदै श्री सिंहले सरकार हालै पारित परमाणु कानून अन्तर्गत विस्तृत नियमहरू बनाउने प्रक्रियामा रहेको बताउनुभएको छ। उहाँले सरकारले आवश्यक सुरक्षा उपायहरूमा सम्झौता नगरी गैर-सरकारी संस्थाहरू सहित निजी क्षेत्रको सहभागिताको लागि परमाणु क्षेत्र खोलिरहेको बताउनुभयो। डा. सिंहले भारतको सबैभन्दा ठूलो शक्ति शासन र सार्वजनिक कल्याणको लागि अन्तरिक्ष प्रविधिको प्रयोगमा निहित रहेको बताउनुभयो। उहाँले देशको दीर्घकालीन ऊर्जा मिश्रणले जलवायु प्रतिबद्धताहरू, रणनीतिक आवश्यकताहरू र आर्थिक वृद्धि पूरा गर्न नवीकरणीय ऊर्जा र परमाणु ऊर्जा बीच सन्तुलन कायम गर्ने बताउनुभयो।

**नीति आयोग**

नीति आयोगले नयाँ दिल्लीमा सिमेन्ट, आल्मुनियम र लघु अनि मध्यम उद्यम- (एमएसएमई) क्षेत्रका लागि कार्बन न्यूनीकरणको कार्य योजनाको प्रतिवेदन जारी गऱ्यो। यस अवसरमा बोल्दै नीति आयोगका उपाध्यक्ष सुमन बेरीले भारतको विकास र दिगो आर्थिक वृद्धिमा एमएसएमई क्षेत्रको महत्त्वपूर्ण भूमिकामाथि प्रकाश पर्नुभयो। उहाँले रोजगारी, नवप्रवर्तन र समावेशी वृद्धिको प्रमुख चालक रहेको एमएसएमई क्षेत्रलाई सुदृढ पार्नुको महत्त्वमा जोड दिनुभयो।

` ( byte )

यसैबीच, नीति आयोगका सीईओ बी.भी.आर सुब्रह्मण्यमले आल्मुनियम र सिमेन्ट क्षेत्रहरू सबैभन्दा ऊर्जा-गहन क्षेत्रहरू मध्ये एक हुन्, जसले औद्योगिक उत्सर्जनमा योगदान पुऱ्याउँछ भनि बताउनुभयो। उहाँले यी क्षेत्रहरूमा कार्बन उत्सर्जन घटाउनु भारतको जलवायु प्रतिबद्धताहरू पूरा गर्न र दीर्घकालीन आर्थिक प्रतिस्पर्धात्मकता सुनिश्चित गर्न आवश्यक रहेको बताउनुभयो।
प्रतिवेदनले एमएसएमईहरूको लागि हरित रूपान्तरणको लागि रोडम्यापलाई पनि हाइलाइट गर्दछ, जुन तीन प्रमुख कारकहरूमा केन्द्रित छ: ऊर्जा-कुशल उपकरणहरूको तैनाती, वैकल्पिक इन्धनको अपनाउने, र हरित बिजुलीको एकीकरण।

**SIR पश्चिम बंगाल**

निर्वाचन आयोगले पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण (SIR) सम्बन्धी सर्वोच्च अदालतको आदेश लागू गर्न निर्देशन जारी गरेको छ। यसले अपरिचित वर्गहरू अन्तर्गत विसंगति र नामहरूको सार्वजनिक प्रदर्शनलाई अनिवार्य गर्दछ, र प्रभावित मतदाताहरूलाई कागजातहरू पेश गर्ने र तोकिएको समयसीमा भित्र सुनुवाइ हुने अवसर प्रदान गर्दछ। आयोगले पश्चिम बंगालका अधिकारीहरूलाई जारी SIR २०२६ सम्बन्धी यस महिनाको सर्वोच्च अदालतको आदेशको कडाईका साथ पालना गर्न पनि निर्देशन दिएको छ। यसले राज्य प्रशासन र पुलिसलाई पर्याप्त जनशक्ति सुनिश्चित गर्न, सुनुवाइ सहज रूपमा सञ्चालन गर्न र कानून व्यवस्था कायम राख्न निर्देशन दिएको छ, र पालना नगरेको खण्डमा कडा कारबाहीको व्यवस्था गरेको छ। निर्वाचन आयोगले पश्चिम बंगालका पुलिस महानिर्देशक, कोलकाता पुलिस आयुक्त, सबै जिल्ला मजिस्ट्रेट, अन्य सबै पुलिस आयुक्तहरू र सबै पुलिस अधीक्षकहरूलाई SIR को समयमा कडा कानून व्यवस्था सुनिश्चित गर्न निर्देशन दिएको छ।

प्रमुख निर्वाचन आयुक्त ज्ञानेश कुमारले पश्चिम बंगालका जनतालाई आश्वासन दिनुभएको छ कि कसैलाई पनि कानून आफ्नो हातमा लिन दिइने छैन र त्यस्ता सबै घटनाहरूमा कडा कारबाही गरिनेछ।

**प्रगति**

प्रधानमन्त्रीको सक्रिय शासन र समयमै कार्यान्वयनको लागि प्रमुख प्लेटफर्म, प्रगतिले आफ्नो ५० औं सफल बैठकको साथ एक महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। २०१५ मा प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा सुरु गरिएको, प्रगतिले प्रधानमन्त्रीद्वारा प्रत्यक्ष समीक्षा मार्फत प्रमुख पूर्वाधार परियोजनाहरू र सार्वजनिक गुनासोहरूको वास्तविक-समय अनुगमन र समाधान सक्षम पारेर शासनलाई रूपान्तरण गरेको छ। यो प्लेटफर्म सहकारी संघीयताको उत्कृष्ट उदाहरण हो, जसले केन्द्र सरकार, राज्यहरू र केन्द्रीय मन्त्रालयहरूलाई एउटै डिजिटल प्लेटफर्ममा एकसाथ ल्याउँछ। एक दशक भन्दा बढी समयदेखि, प्रगतिले निर्णय लिने प्रक्रियालाई तीव्र बनाउन, प्रमुख पूर्वाधार परियोजनाहरूमा ढिलाइका कारणहरूलाई सम्बोधन गर्न र जवाफदेहिताको बलियो संस्कृतिलाई बढावा दिन मद्दत गरेको छ। यस विशेष शृङ्खलामा, आज हामी आन्ध्र प्रदेशमा रहेको अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स) मंगलगिरी परियोजनाको बारेमा छलफल गर्छौं।

**( byte )**

**बांग्लादेश - चुनाव 2026**

बङ्गलादेशमा हुने १३औँ संसदीय निर्वाचनका लागि नामांकन फिर्ता लिने समय सीमा सकिएसँगै झण्डै दुई हजार उम्मेदवार चुनावी मैदानमा छन् । निर्वाचन आयोगका अनुसार पाबना –१ र पाबना –२ बाहेक २९८ क्षेत्रमा एक हजार ९६७ उम्मेदवार चुनावी मैदानमा छन् । सबै 300 निर्वाचन क्षेत्रहरूमा 12 फेब्रुअरीमा मतदान हुनेछ। यससँगै राष्ट्रव्यापी जनमत संग्रह पनि हुनेछ ।

चुनावअघि राजनीतिक तनाव बढ्दै गएको छ । जमात–ए–इस्लामी र बङ्गलादेशका खिलाफत मजलिसले कानुन कार्यान्वयन गर्ने एजेन्सी र निर्वाचन अधिकारीहरू पक्षपाती भएको र निष्पक्ष मतदान सुनिश्चित गर्न असफल भएको आरोप लगाएका छन्। चुनाव चिन्ह हिज  आवंटित गरिएको छ र प्रचार अभियान जनवरी २२ देखि सुरु हुनेछ र मतदानको दिन भन्दा ४८ घण्टा अघि सम्म जारी रहनेछ। यही 12 फरवरी  बिहान ७ बजेर ३० मिनटदेखि अपराह्न ४ बजेर ३० मिनटसम्म मतपत्र र पारदर्शी मतपेटिकाको माध्यमबाट मतदान हुनेछ ।

**टी-20 क्रिकेट**

नागपुरमा हिज भएको पाँच म्याचको टी-20 शृङ्खलाको पहिलो म्याचमा भारतले न्युजिल्यान्डलाई 48 रनले पराजित गरेको छ। यो जितसँगै भारतले शृङ्खलामा 1-0 को अग्रता लिएको छ। भारतले दिएको 239 रनको लक्ष्यको जवाफमा न्युजिल्यान्डले निर्धारित २० ओभरमा सात विकेट गुमाएर 190 रन मात्र बनाउन सक्यो।
यसअघि न्युजिल्यान्डले टस जितेर पहिले बलिङ गर्ने निर्णय गरेको थियो।

**फडणवीस-इनोवेशन सिटी**

महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीसले नयाँ व्यवसायलाई प्रवर्द्धन गर्न मुम्बई विमानस्थल नजिकै अत्याधुनिक "इनोभेसन सिटी" विकासको घोषणा गर्नुभएको छ। मुख्यमन्त्रीले टाटा समूहले यस परियोजनामा 11 अर्ब डलर लगानी गर्ने बताउनुभयो, जसको उद्देश्य स्टार्टअप समुदायलाई सहयोग गर्न विशेष रूपमा डिजाइन गरिएको "प्लग एण्ड प्ले" इकोसिस्टम प्रदान गर्नु हो।